पूर्व–पश्चिम (महेन्द्र) राजमार्गअन्तर्गत पर्ने पथलैया–हेटौंडा–नारायणघाट सडक खण्डले राष्ट्रिय व्यापार प्रवर्द्धन, क्षेत्रीय समन्वय, तथा सम्भावित ट्रान्जिट कोरिडोर को विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। यो सडकखण्ड वीरगञ्ज सुख्खा बन्दरगाह तथा भारतीय सीमा नजिक अवस्थित रहेकाले नेपाल र भारतबीचको सीमापार व्यापार, वस्तु तथा सेवाको ओसारपसारमा विशेष रुपमा उपयोग हुँदै आएको छ। साथै पथलैया, हेटौंडा र नारायणगढ क्षेत्रहरूमा तीव्र औद्योगिकीकरण भइरहेको छ, जसका उद्योगहरू कच्चा पदार्थको आपूर्ति र तयारी उत्पादनको ढुवानीका लागि प्रत्यक्ष रूपमा यस सडकमा निर्भर छन्। यस सडक खण्डले सम्बन्धित क्षेत्रहरू तथा समग्र देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। हाल विद्यमान सडक तथा अधिकांश पुलहरु दुई लेनको रहेको छ साथै दिनकादीन बढ्दो यातायातले गर्दा हालका संरचनाहरु साघुरिदै गैरहेको छ, जसका कारण आवागमनमा जाम, ढिलाइ तथा दुर्घटनाको सम्भावना समेत बढिरहेको छ। यस सडकका विभिन्न खण्डहरूमा बिग्रँदै गइरहेका सतह, क्षण हुदै गैरहेको संरचनाहरूले गर्दा सुरक्षित सडक सञ्चालन समेत जोखिमपूर्ण बन्दै गइरहेको छ। यसै सन्दर्भमा, पथलैया–हेटौंडा–नारायणघाट सडकखण्ड नेपालको यातायात व्यवस्थापन, आर्थिक क्रियाकलापको सुदृढीकरण, तथा पहुँच विस्तारमा दीर्घकालीन र बहुआयामिक योगदान पुऱ्याउने अत्यन्त महत्वपूर्ण पूर्वाधारको रूपमा स्थापित छ। सोही कारण यस सडक खण्डको स्तरोन्नति तथा सुधार आवश्यक र समयानुकूल देखिन्छ।

यस आयोजना अन्तर्गत करिब १०० किलोमिटर सडक र सडकखण्डमा पर्ने पुलहरुको स्तरोन्नती कार्य समावेश गरिएको छ। वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ (२०७८) को अनुसूची ३, नियम ३, ङ (६) मा गरिएको व्यवस्था अनुसार राष्ट्रिय राजमार्ग वा ५० किलोमिटर भन्दा बढी लम्बाइका सहायक सडकको स्तरोन्नति गर्न वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अनिवार्य रहेको उल्लेख छ। र सो को स्वीकृति वन तथा वातावरण मन्त्रालयबाट प्राप्त गर्नु पर्ने प्रावधान रहेको छ।

यो सडक पर्सा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ति क्षेत्र, चितवन राष्ट्रिय निकुञ्जको मध्यावर्ति क्षेत्र, बराण्डाभार कोरिडोर क्षेत्र र चुरे क्षेत्र हुँदै गएको छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३, अनुसूची ३(क) को सूची १२ अनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र अन्य संरक्षित क्षेत्रमा कुनै आयोजना कार्यान्यवन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्था उल्लेख छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (८)मा विदेशी लगानी भएको कुनै प्रस्तावको हकमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाली वा अङ्ग्रेजी भाषामा तयार गर्न सकिने उल्लेख छ। यस आयोजना एसियाली विकास बैङ्क (ADB)को सहयोगमा सञ्चालन भएकाले सोही प्रावधानअनुसार वातावरणीय मूल्याङ्कन प्रतिवेदन अङ्ग्रेजी भाषामा तयार गरिएको छ।

१.४. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिबेदनको उद्देश्य

वातावरणीय प्रभाव मूल्याङकनको मुख्य उद्देश्य पूर्व पश्चिम राजमार्गको प्रास्तावित पथलैया-हेटौँडा-नारायणघाट सडकखण्डको निर्माण तथा स्तरोन्नति र सञ्चालनसँग सम्बन्धित वातावरणीय प्रभाव र सबालहरूको पहिचान गरी त्यससँग सम्बन्धित सम्भावित न्यूनिकरणका उपायहरूको पहिचान गरी कार्यान्वयन गर्नु रहेको छ।

- आयोजनाबाट प्रभावित क्षेत्रका भौतिक, जैविक, आर्थिक सामाजिक तथा सांस्कृतिक वातावरणसम्बन्धी आधारभूत जानकारी सङ्कलन गर्नु,
- आयोजनाका कारण भौतिक, जैविक, सामाजिक-आर्थिक, सांस्कृतिक तथा रासायनिक वातावरणमा पर्न सक्ने सम्भावित सकारात्मक तथा नकारात्मक प्रभावहरूको विश्लेषण तथा मूल्याङ्कन गर्नु,
- नकारात्मक प्रभावहरू न्यूनीकरण तथा सकारात्मक प्रभावहरू प्रवर्द्धन गर्नका लागि व्यावहारिक र स्थल विशेषका न्यूनीकरण उपायहरू प्रस्ताव गर्नु,
- वातावरणीय व्यवस्थापन योजना तथा वातावरणीय अनुगमन योजना तयार गर्नु,
- प्रस्तावित आयोजनाले वातावरणमा पार्न सक्ने प्रभावहरूका सम्बन्धमा निर्णयकर्ता निकाय र सरोकारवालाहरूलाई आवश्यक जानकारी उपलब्ध गराउनु,
- आयोजनाको सम्पूर्ण चरणहरूमा सार्वजनिक सहभागिताको अवसर प्रदान गर्नु,
- आयोजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना परिभाषित गर्नु।

परिच्छेद २: प्रस्तावको परिचय

२.१. परिचय

पूर्व-पश्चिम राजमार्ग नेपालको प्रमुख आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारिक राजमार्ग हुनुका साथै एसियाली राजमार्ग - २ **(AH-2)** को खण्ड पनि रहेको छ। दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (**SASEC**) सडक सुधार आयोजनाले पूर्व-पश्चिम राजमार्गमा पर्ने पुलहरूसहित २७० किमी सडकखण्ड स्तरोन्नति गर्दै छ**,** जसमध्ये काकरभित्ता-लौकाही १२० कि मी सडकखण्ड- १२० कि मी**,** बुटवल – गोरुसिन्चे सडकखण्ड – ५० कि. मि. तथा पथलैया-हेटौँडा-नारायणघाट सडकखण्ड १०० किमी रहेको छ।

यस प्रस्तावित आयोजनाले पथलैया-हेटौँडा-नारायणघाट सडकखण्डका सबै पुल पुलेसाहरूसहित २ लेनको सडकलाई ४ लेनमा स्तरोन्नति गर्ने छ। यो सडकखण्ड मदेश प्रदेशको बारा जिल्ला र बाग्मती प्रदेशको मकवानपुर र चितवन जिल्ला भएर गएको छ। पथलैया-हेटौँडा-नारायणघाट सडक, स्तरोन्नति पश्च्यात ट्राफिक जाम न्यूनीकरण**,** यात्रा गुणस्तर अभिवृद्धि तथा सडक सुरक्षामा सुधार ल्याउने छ।

पथलैया-हेटौँडा-नारायणघाट सडकखण्ड पूर्व-पश्चिम राजमार्गको पथलैया (चे ३६७+६३०)बाट सुरु भई भरतपुर गोन्द्राङ (चे ४६७+३२०)मा पुगेर टुङ्गिन्छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गतको पथलैया-हेटौँडा-नारायणघाट सडकखण्डको लम्बाइ १०० कि.मी. रहेको छ। यस सडकखण्डको अधिकांश भागमा पुर्ववत क्यारिज वे चौडाइ ७ मिटर (२ लेन) रहेको छ भने केही सहरी क्षेत्रमा चार लेनको रहेको छ।

हेटौँडा बजारबाहेक यस सडकको क्षेत्राधिकार केन्द्रबाट दुवैपट्टि २५ मिटर गरी कुल ५० मिटर रहेको छ। पूर्व-पश्चिम राजमार्गको क्षेत्राधिकार नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको अधिकार क्षेत्रभित्र रहेको राजपत्र प्रकाशन गरी कानुनी रूपमा घोषित गरिएको छ।

यो सडकखण्ड मुख्यतया अमलेखगन्ज (चे३७६+०००), हेटौँडा (चे३६९+५००), मनहरी (चे४२५+७००), लोथर (चे४३६+९६०), भन्डारा (चे४४७+०००), पर्सा (चे४५४+३००), टाँडी (चे४५९+८००) र भरतपुर (चे४६७+३२०)जस्ता बजार/वस्तीक्षेत्र, पर्सा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्तीक्षेत्र, बरण्डाभार कोरिडोर र कृषियोग्य जमिन र घना जङ्गल भएर गएको छ।


यस सडकखण्ड पथलैया देखि अमलेखगन्ज (चे३६८+००० देखि चे३७५+९००) सम्म आधाभार घना जंगल, सिवालेक (चे३८०+००० देखि चे३७५+९००) , रजिया जंगल खण्डहरु (चे४०४+९४० देखि चे४०६+५४०); (चे४०८+८२० देखि चे४१०+८४०); (चे४१२+७४० देखि चे४२०+७४०) तथा (चे४२६+७५० देखि चे४३९+९००) मनहरी – लोथर बनक्षेत्रमा पर्दछ छ । बरण्डाभार कोरिडोरक्षेत्र चे४६३+६०० देखि चे४६७+३२० सम्म पर्दछ। यस सडकखण्डको चे३७०+५५० देखि चे३७४+००० पर्सा राष्ट्रिय निकुञ्जमा पर्दछ जसलाई जंगली एसिएन हात्ती , शाही बेंगल बाग, एक सिंघे गैडा तथा अन्य जंगली जनावरहरुको मुख्य बन्यजन्तु करिडोर रहेको छ र चे३६७+६३० देखि चे३७०+५५०, चे३७४+००० देखि चे३८७+२००सम्म, चे३८७+२०० देखि चे३९१+७०० र चे४१९+२५० देखि चे४३२+२०० सम्म पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्तीक्षेत्र पर्दछ।


यस आयोजनाअन्तर्गत विद्यमान सडक तथा पुलहरू एसिएन राजमार्ग-II मापदण्डमा स्तरोन्नति गरिने छ। सडकको चौडाइ सहरी क्षेत्रमा ५० मी, अर्धसहरी (सहरोउन्मुख) क्षेत्रमा ३७.४ मी. र ग्रामीण तथा वनक्षेत्रमा २४ मी. कायम गरिएको छ। सडक स्तरोन्नतिका अवयवहरूअन्तर्गत १०० किमीको सडकखण्डलाई २ लेनबाट ४ लेनमा स्तरोन्नति गर्ने, पेभमेन्ट स्तरोन्नति, ज्यामितीय सुधार, २० स्थानमा चोक सुधार, सडकका दुवै भागमा सर्भिस रोड, साइकल लेन, सहरीक्षेत्रमा फुटपाथ, पैदलयात्रु क्रसिङका लागि ६ स्थानमा आकासेपुल र १२ स्थानमा अन्डरपास, ४ किमीभन्दा बढी लम्बाइ भएको २ भायडक्टसहित २१ स्थानमा वन्यजन्तु क्रसिङ स्ट्रक्चरहरु (जंगली एसिएन हात्ती , शाही बेंगल बाग, एक सिंघे गैडा तथा अन्य जंगली जनावरहरु) , टेवा वाल: ४,५२६ घन मिटर ग्याबिन वाल, २१५,०९१ घन मिटर आर.सी.सी. टेवा वाल तथा Earth Reinforced Wall ५४,०७२ वर्ग मिटर, स्लोप संरक्षण तथा स्लोप स्थिरिकरण को लागि सिभिल इन्जिनियरिङ साथै जैविक इन्जिनियरिङका उपायहरु अवलम्बन गरिएको छ, ४१ वटा (२२ वटा पूर्ववत तथा १९ वटा नया बक्स बृज) पुलहरू र २४६ बक्स कल्भर्ट निर्माण, ड्रेनेज सुधारका लागि १७४,६१२ मी. आर. सी. सी. साइड ड्रेन निर्माणका कार्यहरू रहेका छन्। प्रस्तावित पुलहरूका लागि १०० वर्ष रिटर्न फ्लो, कल्भर्टहरूका लागि ५० वर्ष रिटर्न फ्लो र साइड ड्रेनका लागि २५ वर्ष रिटर्न फ्लोमा

डिजाइन गरिएको छ। प्रस्तावित स्तरोन्नतिका कार्यहरू सडकको ५० मी. क्षेत्राधिकारभित्र सम्पन्न गरिने भएकाले क्षेत्राधिकारभन्दा बाहिर स्थायी रूपमा थप जमिन आवश्यक पर्ने छैन।

२.२.आयोजना क्षेत्र र पहुँच

यस सडक आयोजना क्षेत्र २७°११'५७.६६" उत्तर अक्षांश र ८४°५८'५०.७५" पूर्व देशान्तर (पथलैया) मा सुरु भइ २७°३९'३६.८०" उत्तर अक्षांश र ८४°२७'१५.१८" पूर्व देशान्तर (भरतपुर, गोंद्राङ) मा गएर अन्त्य हुनेछ। यो सडकखण्डमा एक महानगरपालिका, दुई उपमहानगरपालिकाहरु, तीन नगरपालिकाहरु तथा एक गाउँपालिका पर्दछन्। आयोजना क्षेत्रमा पुग्न काठमाडौंबाट पृथ्वी राजमार्ग हुँदै मुग्लिन–नारायणगढ सडक खण्ड मार्फत नारायणघाटसम्म पुग्न सकिन्छ। यस्तै, त्रिभुवन राजमार्ग हुँदै पनि आयोजना क्षेत्रमा आवागमन गर्न सकिन्छ। हवाई यातायात मार्फत काठमाडौँ–सिमरा तथा काठमाडौँ–भरतपुर हवाई मार्ग प्रयोग गरी आयोजना क्षेत्रसम्म सजिलै पुग्न सकिन्छ।





चित्र 1: आयोजना क्षेत्रको नक्सा

२.३. आयोजनाको विशेषता

तालिका 1: प्रस्तावित आयोजनाको मुख्य विशेषताहरु

शिर्षक	विवरण
आयोजनाको नाम	दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग राजमार्ग सुधार आयोजना)SASEC Highway


	Improvement Project - SHIP)
सडक खण्ड	पथलैया (पश्चिम राजमार्ग अन्तर्गत-पूर्व) नारायणघाट खण्ड - हेटौंडा -, चेनज ३६७+६३० देखि ४६७+३२० सम्म
सुरुवात विन्दु	पथलैया २७)°११'५७उत्तर अक्षांश र ८४ "६६.°५८'५०पूर्व देशान्तर "७५.)
अन्तिम विन्दु	गोंद्राङ (भरतपुर)- २७) °३९'३६उत्तर अक्षांश र ८४ "८०.°२७'१५"१८." पूर्व देशान्तर)
जिल्लाहरू	बारा, मकवानपुर, र चितवन
प्रदेश	मधेश र बागमती प्रदेश
प्रभावित स्थानीय तहहरू	जितपुर सिमरा उपमहानगरपालिका, हेटौंडा उपमहानगरपालिका, मनहरी गाउँपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका, रत्ननगर नगरपालिका, भरतपुर महानगरपालिका
प्रमुख बजार क्षेत्रहरू	अमलेखगञ्ज .चे)३७६+०००), हेटौंडा .चे)३९६+५००), मनहरी .चे)४२५+७००), लोथर .चे) ४३६+९६०), भण्डारा .चे)४४७+०००), पर्सा .चे)४५४+३००), टाँडी .चे)४५९+७००), भरतपुर .चे) ४६७+३२०)
भौगोलिक स्वरूप	तराई समथर भूभाग, डुन उपत्यका, चुरे श्रृंखला
मौसमवार्षिक वर्षा /	उष्ण तथा उपोष्ण क्षेत्रिय जलवायु /२४०७ मि.मी.
उचाइ (m amsl)	न्यूनतम :१७८ मि .(पथलैया(अधिकतम :६८७.८ मि .(चुरियामाई(सुरुवात विन्दुको उचाइ .चे)३६७+६३०): १७८ मि .चे) अन्तिम विन्दुको उचाइ .४६७+३२०): २०४मि .
सडक वर्गीकरण	राष्ट्रिय राजमार्ग-II
विद्यमान सतह	कालोपत्रे
प्रस्तावित सतह	एस्फाल्ट कन्क्रिट
सडक लम्बाइ	१०० कि) .मी.९९.६९ कि(.मी.
डिजाइन गतिको मापदण्ड	समथर तथा डुन क्षेत्रमा :१०० कि.मी. प्रति घण्टा शिवालिक क्षेत्रमा :८० कि.मी. प्रति घण्टा
सडक चौडाइ	शहरी क्षेत्र :५० मि. अर्ध :शहरी क्षेत्र-३७.४० मि. ग्रामीण क्षेत्र:२४ मि.
सडकका तत्वहरु	**शहरी क्षेत्र :**
	क्यरिज वे ४ -लेन – २ x७.५ मि
	पेभ्ड सोल्जर - २ x२.५० मि (रम्बल स्ट्रिप आवश्यकता अनुसार)
	मेडियन - ३.०० मि
	सर्विस लेन – २ x६.५ मि र १.५० मि साइड मेडीयन
	फुटपाथ- २ x ५.५ मि
	अर्ध शहरी क्षेत्र:
	क्यरिज वे ४ -लेन – २ x७.५ मि
	पेभ्ड सोल्जर - २ x२.५० मि (रम्बल स्ट्रिप आवश्यकता अनुसार)
	मेडियन - ३.०० मि
	अतिरिक्ति लेन – २ x ५.५० मि (६.५०मि मा स्तर वृद्धि गर्न सक्ने) साथै २ x १.२ मि लेन विभाजक
	किनारा : ०.५० मि
	ग्रामिण क्षेत्र :
	क्यरिज वे ४ -लेन – २ x७.५ मि
	पेभ्ड सोल्जर - २ x२.५० मि (रम्बल स्ट्रिप आवश्यकता अनुसार)
	मेडियन - ३.०० मि
	किनारा : ०.५० मि
क्याम्बर	क्यरिज वे : २% ; सोल्जर : ३%

अधिकार क्षेत्र	५० मि केन्द्र रेखाबाट दुबै तर्फ) .२५ मि(.
दृश्य दुरी (Stopping Sight distance)	डिजाइन गति १०० कि.मी. प्रति घण्टा -१९० मि. डिजाइन गति ८० कि.मी. प्रति घण्टा - १३० मि.
रुलिंग ग्रेडीएन्ट (Ruling Gradient)	५-६ % (न्यूनतम ०.५%)
पुलहरू	२२ वटा पुल (पूर्ववत) १९ वटा बक्स पुल (नयाँ प्रस्तावित)
साइड ड्रेन	१७४,६१२ मिटर
बक्स कल्भर्ट	२४६ वटा
वन्यजन्तु क्रसिङ	सानो वन्यजन्तु क्रसिङः १ वटा)३ x २.५ मि(. मझौला वन्यजन्तु क्रसिङः १० वटा)८ x ३ मि(. ठूलो वन्यजन्तु क्रसिङ :५ वटा)१५ x ४.५ मि(. अत्यधिक ठूलो वन्यजन्तु क्रसिङ३ : वटा)१५ x ६.५ मि (. भायडक्ट :२ वटा)२००१ x ७.० मि (.— पर्सा राष्ट्रिय निकुञ्ज र बरण्डाभार करिडोर वन क्षेत्रमा प्रस्तावित गरिएको छ।
कुल लागत	**रू .५४,२९३,६४७,५२६**
प्रतिकिलोमिटर लागत	**रू .५४४,६२४,८१२**
वातावरणीय व्यवस्थापन लागत	रू. **१२,४६१,९२९,५८१**
निर्माण अवधि	निर्माण अवधि :३ वर्ष , DLP: १२ महिना , PBM: ५ वर्ष


श्रोतः विस्तृत आयोजना प्रतिबेदन, २०२४

पूल, कल्भर्ट र साइड ड्रेन

यस आयोजना अन्तर्गत कुल २२ वटा पुलहरूको निर्माण गरिनेछ।साथै १९ वटा थप बक्स पुलहरुको पनि निर्माण गरिने छ। ती मध्ये १३ वटा पुलहरूको लम्बाइ ५० मिटरभन्दा बढी रहेको छ। पुलको डिजाइन कार्य नेपाल सरकार सडक विभागद्वारा जारी नेपाल पुल मापदण्ड २०६७ को मार्गनिर्देशन अनुसार गरिएको छ। प्रस्तावित पुलहरूको लागि १०० वर्ष रिटर्न फ्लो, कल्भर्टहरूकालागि ५० वर्ष रिटर्न फ्लो र साइड ड्रेनकालागि २५ वर्ष रिटर्न फ्लो मा डिजाइन गरिएको छ। कुल २४६ वटा बक्स कल्भर्टहरूको निर्माण गरिनेछ। हाल संचालनमा रहेका सबै पाइप कल्भर्टहरुलाई बक्स





कल्भर्टले प्रतिस्थापन गरिनेछ। ड्रेनेज सुधारका लागि १७४,६१२ मि साइड ड्रेन निर्माणका कार्यहरू रहेको छन्।



चित्र 2 ग्रमिण क्षेत्रको पुलको डिजाइन

चित्र 3 ग्रमिण क्षेत्रको टुइन पुल






चित्र 4 शहरी क्षेत्रको पुलको डिजाइन

चित्र 5 कल्भर्टको डिजाइन


वन्यजन्तु क्रसिङ्ग

आयोजनामा कुल २१ स्थानहरूमा वन्यजन्तु क्रसिङ संरचनाहरू निर्माण गर्ने प्रस्ताव गरिएको छ, जसमा भायडक्ट समेत समावेश छन्। साथै, विद्यमान बक्सबृजलाई पनि वन्यजन्तु आवागमनलाई सहज बनाउने गरी सुधार गरिनेछ। पर्सा राष्ट्रिय निकुञ्ज (चे. ४७२+४९६ देखि ३७४+४९७ सम्म) र बरण्डाभार करिडोर वन क्षेत्र (चे. ४६४+३५६.४ देखि ४६६+३५७.४ सम्म) मा क्रमशः जम्मा ४,००२ मिटर लम्बाइको भायडक्ट निर्माण प्रस्ताव गरिएको छ। त्यसैगरी २४ स्थानहरूमा क्यानोपी पुलहरू (Canopy Bridge) प्रस्ताव गरिएको छ।



चित्र 6 वन्यजन्तु क्रसिङ्गको डिजाइन

यो मुख्य सडक मार्गको चौडाइ ८.० मिटर (७.५ मिटर carriageway + ०.५ मिटर curb-shyness चौडाइ) को डिजाइन गरिएको छ। पैदलमार्ग एक पक्षमा (बाहिरी भागमा) २.७५ मिटर चौडाइ छ। पैदलमार्ग र क्रयासब्यारियर सहितको भायडक्टको कुल चौडाइ ११.७५ मिटर डिजाइन गरिएको छ।



चित्र 7 भायडक्टको डिजाइन

रिटेनिङ् संरचना र स्लोप स्थिरीकरण

यस आयोजनामा साइटको अवस्थाअनुसार ४,५२६ घन मिटर ग्याबियन पर्खाल, २१५.०९१ घन मिटर आरसीसी रिटेनिङ् /breast पर्खाल तथा ५४,०७२ वर्ग मिटर reinforced earth wall प्रस्ताव गरिएको छ। प्राविधिक (civil engineering) र जैविक (bioengineering) दुबै उपायहरू अपनाइ कुल १५,४०,०१० वर्ग मिटर क्षेत्रमा स्लोप स्थिरीकरणका कार्य प्रस्ताव गरिएको छ।

जलवायु परिवर्तन अनुकुलनका उपायहरु


प्रस्तावित पुलहरूलागि १०० वर्ष रिटर्न फ्लो, कल्भर्टहरूकालागि ५० वर्ष रिटर्न फ्लो र साइड ड्रेनकालागि २५ वर्ष रिटर्न फ्लो डिजाइन गरिएको छ। जलवायु परिवर्तन अनुकुलनका रुपमा थप १६% वर्षा थप गरि जल प्रवाहको गणना गरिएको छ ।

सडक सुरक्षाका उपायहरू

यस आयोजनामा सडक सुरक्षाका लागि ट्राफिक चिन्ह ४,६६७ वटा, सडक बत्ति २,२१४ वटा, आर.सि.सि क्राश ब्यारिएर २९,९१५ रनिङ मिटर, आर.एम.मेटल बिम क्राश ब्यारिएर "W" ९,२२५ रनिङ मिटर, आर.एम, मेटल बिम क्रास ब्यारियर "THRIE" ११,३६० रनिङ मिटर, रोड स्टड ९,१४५ वटा, २० वटा चोक सुधार, Edge Rumble Strip १,०६,५४२ रनिङ मिटर, जेब्रा क्रसिंग ७६ स्थानहरूमा प्रस्ताव गरिएको छ। बजार क्षेत्रहरूमा बस वे, बस स्टप र अतिरिक्त लेन को व्यवस्था गरिएको छ। पुल को नजीक, तीव्र घुम्तीहरू र ३.०० मिटरभन्दा अग्लो Embankment भएका स्थानहरूमा Guard Barriers को व्यवस्था गरिएकोछ। Intersection मा उपयुक्त Interchange Mechanism को व्यवस्था गरिएकोछ। सडक सुरक्षाका लागि Road Safety Elements जस्तै Signs, Delineator Posts लगायत पर्याप्त Road Furniture को व्यवस्था

गरिनेछ साथै जहाँ पैदल यात्रीको गतिविधि बढी हुन्छ र दुर्घटनाको सम्भावना उच्च हुन्छ त्यहाँ Additional Signs समेत राखिने छन् ताकि सडक अझ सुरक्षित बनाइएको होस्।

पैदल यात्रीहरूको सुरक्षालाई ध्यानमा राखी Pedestrian Crossing योजना र डिजाइन गरिएको छ। पैदल यात्रीहरूको सुरक्षित सडक पार गर्ने व्यवस्था सुनिश्चित गर्न ६ स्थानमा Overhead Bridges र १२ स्थानमा Underpass डिजाइन गरिएको छ। विद्यालय, कलेज, अस्पताल तथा अन्य उच्च पैदल यात्री आवागमन हुने स्थानहरूमा यी संरचनाहरूको आवश्यकता पहिचान गरि डिजाइन गरिएको छ।




चित्र 8 आकाशे पुलको डिजाइन



चित्र 9 अन्डरपास क्रसिङ्गको डिजाइन

चोक सुधार

२० वटा चोकहरूको सुधार कार्य गरिनेछ. यसले उच्च गतिका सवारी साधनहरूको Free Flow सुनिश्चित गर्नुका साथै मुख्य ४ लेनको क्यारिज वे मा विभिन्न पहुँचहरू सहज बनाउन सहयोग पुऱ्याउनेछ।



चित्र 10 चोक सुधार डिजाइन

निर्माण सामाग्री र उर्जा

निर्माण कार्यका लागि आवश्यक सामग्रीहरू जस्तै ढुङ्गा, गिट्टी, बालुवा, बेस, सब-बेस, तथा Asphalt Concrete Chips स्थानीय रूपमा उपलब्ध छन् भने अन्य आवश्यक सामग्रीहरू बजारबाट खरिद गरिनेछ। निर्माण अवधिमा मुख्य रूपमा मट्टीतेल (३,१९४,२६२ लिटर), डिजेल (८,१४७,१३७ लिटर) प्रयोग गरिनेछ।

कामदार शिविर र भण्डारण क्षेत्र

कामदार शिविर र निर्माण सामग्रीको भण्डारणका लागि सडक र पूल नजिकका ८ वटा सम्भावित स्थानहरु पहिचान गरिएको छ। सडक र पुलको नजिकैको क्षेत्रहरूमा आयोजनाका लागि आवश्यक पर्ने कामदार शिविर र निर्माण सामग्रीको भण्डारण गर्न उपयुक्त जग्गा उपलब्ध रहेको छ। त्यस्तै, निर्माण कार्यमा संलग्न सानो समूहका श्रमिकहरूको आवासका लागि वरपरका घरहरू भाडामा लिई प्रयोग गर्न सकिनेछ। यद्यपि, निर्माण अवधिमा उपयुक्त स्थानहरू पहिचान गर्नेछ। कुनै विशेष स्थानमा सामाग्री संकलन गर्दा सवारी साधनहरूको सहज आवागमनमा अवरोध नहुने गरी व्यवस्था मिलाइनेछ।

बिग्रन व्यवस्थापन

आयोजना निर्माणको क्रममा करिब ९०४,९९० घन मिटर बिग्रन उत्पन्न हुने अनुमान गरिएको छ। उत्खननबाट निस्किने यस बिग्रनलाई निर्माण कार्यमा भरण सामग्रीको रूपमा पुनः प्रयोग गर्न सकिनेछ। सबै बिग्रनलाई बेस तथा सब-बेस सामाग्रीको

रूपमा उपयोग गरिने भएकाले पृथक बिग्रन व्यवस्थापन स्थलको आवश्यकता पर्ने छैन। तथापि, आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने संभावित बिग्रन व्यवस्थापनका लागि ६ स्थलहरू पहिचान गरिएको छ।

मानव श्रोतको आवश्यकता

निर्माण अवधिभर आयोजनाका कार्यहरू सम्पन्न गर्नका लागि करिब २,६३१,३३३ जनादिन (person days) को अदक्ष र ८५४,१८१ जनादिन को दक्ष जनशक्तिको आवश्यकता पर्नेछ।

जमिनको आवश्यकता

प्रस्तावित स्तरोन्नतीका कार्यहरू सडकको क्षेत्राधिकार (RoW) भित्रै सम्पन्न गरिने भएकाले स्थायी रूपमा थप वनजङ्गल, कृषि भूमी वा अन्य कुनै पनि जग्गा RoW बाहिर अधिग्रहण गर्न आवश्यक पर्ने छैन। यस राजमार्गको RoW पहिले नै नेपाल सरकार) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय/GoN/MoPIT) को अधिकार क्षेत्रभित्र सार्वजनिक सूचना प्रकाशित भइसकेको छ। तर, अन्य कार्यहरू:जस्तै) कामदार शिविर, भण्डारण क्षेत्र, ब्याचिङ प्लान्ट, क्रसर प्लान्ट, एस्फाल्ट प्लान्ट) स्थापना गर्न करिब १० हेक्टर निजी वा सार्वजनिक जग्गाको अस्थायी प्रयोग आवश्यक पर्नेछ। सडक स्तरोन्नतीका क्रममा करिब 245.64 हेक्टर RoW अन्तर्गतको जमिनको Land Use Pattern एस्फाल्ट सडक र पुलमा रूपान्तरण हुनेछ।

आयोजना कार्यान्वयन तालिका

रूख कटानी, सार्वजनिक सेवा साधनहरूको स्थानान्तरण जस्ता कार्यहरू सम्पन्न भएपछि निर्माण ब्यबसाहि परिचालन गरिनेछन्। आयोजना सन् २०२६ मा सुरु गर्ने योजना रहेको छ र यसको सम्पन्नता लागि करिब ३ वर्ष लाग्ने अनुमान छ, जसपछिको १२ महिने Defect Liability Period र ५ वर्षको Performance Based Maintenance अवधि हुनेछ। सडक तथा पुल निर्माणको लागत अनुमान डिजाइन, चित्र र सामग्री सूचीबाट प्राप्त युनिट दर तथा मात्राको आधारमा गरिएको हो। लागत निर्धारण जिल्ला स्तरका दर र सडक विभाग (DoR) का मापदण्डहरू अनुसार तयार पारिएको छ। कुल आयोजना लागत सडक र पुल निर्माणका लागि करिब रु. **५४,२९३,६४७,५२६** अनुमान गरिएको छ।

परिच्छेद ३: अध्ययन विधि

अध्ययन विधिमा मुख्यतया सन्दर्भसामाग्रीको अध्ययन, स्थलगत सर्वेक्षण, अन्तरक्रिया र परामर्श समावेश छ र म्याट्रिक्स विधिबाट प्रभाव मूल्याङ्कन र पहिचान गरिएको छ। वातावरण संरक्षण नियमावली (EPR), २०७७, सडक विभागको वातावरण तथा सामाजिक व्यवस्थापन रूपरेखा (ESMF), २०२३, एडिबीको Safeguard Policy Statement (SPS), २००९, आयोजनाबाट प्रभावित जिल्लाहरूका जिल्ला प्रोफाइलहरू, डिभिजनल वन कार्यालय (चितवन, बारा, मकवानपुर), चुरे विकास बोर्ड, पर्सा तथा चितवन राष्ट्रिय निकुञ्जबाट प्रकाशित प्रतिवेदनहरू, राष्ट्रिय तथ्यांक कार्यालयबाट प्राप्त जनसंख्या तथ्यांक, प्रभावित नगरपालिकाहरूको प्रोफाइल, साथै ADB TA रिपोर्ट: Smart Infrastructure Planning and Design to Protect Natural Habitats and Biodiversity: Ecological Assessment of the PHN Road Upgrading, वनसम्बन्धी नियमावली, २०२२, पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन: पूर्व–पश्चिम राजमार्ग तथा पुलहरूको जैविक विविधता मूल्याङ्कन (WWF, २०१६, २०१७) लगायतका सम्बन्धित प्रकाशित प्रतिवेदनहरूको अध्ययन गरिएको थियो। यसैगरी, आयोजनासँग सम्बन्धित अन्य प्रचलित नीति, ऐन, नियम, निर्देशिका, म्यानुअल र प्रकाशित दस्तावेजहरू समेतको समीक्षा गरिएको थियो। आयोजनाको भौतिक, रासायनिक, जैविक, सामाजिक–आर्थिक तथा सांस्कृतिक वातावरण बारे जानकारी संकलन गर्न प्रश्नावली र चेकलिस्ट समेत तयार पारिएको थियो।

प्रचलित ऐन, नियम, नीति, नियमावली, निर्देशिका आदिको पुनरावलोकन गरिएको थियो।

२०२२ को अगस्ट,२०२३ को मार्च देखि मे र २०२४ को नोभेम्बर देखि डिसेम्बर सम्म वातावरणीय अध्ययन टोली आयोजना क्षेत्र खटिएका थिए।

आयोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभावित हुने क्षेत्रहरू टोपो म्याप र स्याटलाईट ईमेजहरूको विश्लेषण तथा फिल्ड प्रमाणिकरणबाट पहिचान गरिएको थियो। आयोजना क्षेत्रको तापक्रम, वर्षा र अन्य जलवायु सम्बन्धी तथ्याङकहरू जल तथा मौसम विज्ञान विभागबाट संकलन गरियो। आयोजना क्षेत्रको जियोलोगि सम्बन्धी जानकारीहरू यस आयोजना अन्तर्गत तयार पारिएको जियोलोजिकल इन्भेष्टिगेसन रिपोर्टबाट साभार गरिएको छ। वायुको गुणस्तर र ध्वनीको स्तर २०२३ साल अप्रिल र मे महिनामा यस सडकखण्डको २८ वटा स्थानबाट संकलन गरिएको थियो। त्यस्तै भूमिगत पानी तीन स्थानबाट र सतहको पानी प्रमुख नौ वटा खोलाहरूबाट संकलन गरी गुणस्तर मापन गरिएको थियो।

यस सडकखण्डमा पर्ने रूखबिरूवाहरूको मापनका लागि वन नियमावली २०७९ अनुसार सेन्सस विधि अवलम्बन गरियो साथै सिडलिङ, स्यापलिङ, गैर काष्ठ वन पैदावर र औषधीजन्य बिरूवाको लागि सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ बमोजिम प्लटहरू तयार गरियो। स्थलगत अध्ययनको समयमा वन्यजन्तुका वासस्थान, दुर्लभ र लोपउन्मुख रूखबिरूवाहरूसम्बन्धी तथ्याङक/जानकारीहरू संकलन गरियो। वन नियमावली २०२२ मा तोकिएबमोजिम कुल बायोमास र कुल कार्बन स्टक मापन गरियो। जंगली वन्यजन्तु सर्वेक्षणको समयमा पगमार्क, फुटप्रिन्ट, हुफमार्क, स्क्याट, पेलेट्स, डङ्ग र रूखहरूमा स्क्रयाच्हरू पहिचान गरियो। चराचुरूङ्गीहरूको विविधताको अध्ययनका लागि पोइन्ट काउन्ट विधिको अवलम्बन गरियो जसअन्तर्गत चराचुरूङ्गीहरूको अवलोकनकालागि १३ स्थानहरू पहिचान गरियो। यसका साथै वन्यजन्तु, मानव वन्यजन्तु द्धन्द्ध र वन्यजन्तुको सडक क्रस गर्ने क्षेत्रका सम्बन्धमा पर्सा रा.नि, चितवन रा.नि, डिभिजन तथा सब डिभिजन वन कार्यालय, स्थानीय वन व्यवस्थापन समूहसँग अनौपचारिक रूपमा छलफल तथा अन्तरक्रिया गरियो।

मिति २०२२ जुलाई 1 देखि २०२२ अगष्ट ३० सम्म कुल १८६७ वटा घरधुरीमा सर्वेक्षण गरियो। यस सर्वेक्षणमा परिवारको वार्षिक आम्दानी, पेसा र परिवारका सदस्यहरूको उमेर समूह, शैक्षिक योग्यता, जोखिमको अवस्था र आयोजना प्रभावितहरूको अन्य आवश्यक जानकारीहरू संकलन गरियो। नागरिकहरूबाट राय सुझाब संकलन गर्नकालागि कुल ५५ वटा परामर्श बैठकहरू सञ्चालन गरिएको थियो भने विभिन्न स्थानीय तह, स्थानीयबासीहरू, लाभग्राही समूह, जिल्ला वन कार्यालय र सामुदायिक वन समूहहरू गरेर कुल ७ वटा सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो।

तालिका 2: आयोजनामा संलग्न विज्ञहरुको सूची

क्रस.	विज्ञहरुको नाम	पद/विशेषज्ञता	योग्यता र अनुभव
१	श्री राजन कुमार श्रेष्ठ	टोली नेतावातावरण / विज्ञ	स्नातकोत्तर, वातावरण र प्रकृति संरक्षण, १३ वटा भन्दा बदी IEE तथा EIA को अनुभव
२	श्री अभिषेक बी.सि.	वातावरण इन्जिनियर	स्नातक, वातावरण इन्जिनियर १० वटा भन्दा बदी IEE तथा EIA को अनुभव
३	श्री रबिन ढकाल	समाजशात्री	स्नातकोत्तर, समाजशास्त्र १२ वटा भन्दा बदी IEE तथा EIA को अनुभव
४	श्री प्रयाग राज ताम्राकार	वन्यजन्तु विज्ञ	स्नातकोत्तर वन विज्ञान, ३ वटा भन्दा बदी IEE तथा EIA को अनुभव
५	श्री अनन्त प्रशाद गजुरेल	इन्जिनियर जियोलोजिस्ट	स्नातकोत्तर, जियोलोजी, ५ वटा भन्दा बदी IEE तथा EIA को अनुभव
६	श्री सुरेश बाबु श्रेष्ठ	हाइवे इन्जिनियर	स्नातकोत्तर, ट्रान्सपोर्ट एंड रोड, ४ वटा भन्दा बदी IEE तथा EIA अनुभव
७	श्री संजय अधिकारी	हाइड्रोलोजिस्ट	स्नातकोत्तर, हाइड्रोलोजी र ड्रेनेज ,वातावरण प्रभाव मूल्यांकनमा १० वर्ष भन्दा बढी अनुभव
८	श्री सरोज भट्टराई	पूल विज्ञ	स्नातकोत्तर, ट्रान्सपोर्ट एंड रोड , वातावरण प्रभाव मूल्यांकनमा १० वर्ष भन्दा बढी अनुभव
९	श्री नेमी भट्टराई	जी.एस.आई. विज्ञ	इन्जिनियर, वातावरण प्रभाव मूल्यांकनमा ५ वर्ष भन्दा बढी अनुभव

३.१. परामर्श बैठक

वन्यजन्तु सम्बन्धी ज्ञान र अनुभव भएका व्यक्ति तथा संस्थाहरूसँग ५५ स्थानहरूमा परामर्शहरू बैठक सम्पन्न गरिएको थियो। सहभागी संस्थाहरूमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (DNPWC), डिभिजन वन कार्यालयहरू (DFOs), पर्सा राष्ट्रिय निकुञ्ज (PNP), चितवन राष्ट्रिय निकुञ्ज (CNP), साथै स्थानीय स्तरमा वन्यजन्तु संरक्षणमा क्रियाशील गैरसरकारी संस्थाहरू (NGOs) समावेश थिए।

परामर्शका क्रममा सम्बन्धित विज्ञहरूलाई परियोजनाका प्रमुख घटकहरूबारे प्रारम्भिक जानकारी प्रदान गरिएको थियो। त्यसपछि उनीहरूबाट परियोजनाबाट हुन सक्ने संभावित वातावरणीय प्रभावहरूबारे राय/सुझाव लिइयो र परियोजनाले अपनाउन सक्ने सम्भावित न्यूनीकरण उपायहरू (mitigation measures) का विषयमा सलाह–सुझावहरू संकलन गरिएको थियो।

३.२. सार्वजनिक सुनुवाई

वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम सार्वजनिक सुनुवाइका लागि २०८२ चैत्र २८ गते (१० अप्रिल २०२५) मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा नेपाली भाषामा सार्वजनिक सूचना प्रकाशित गरिएको थियो। सबै प्रभावित नगरपालिका, प्रभावित वडा कार्यालय, सामुदायिक वन कार्यालय, स्वास्थ्य चौकी तथा अन्य सार्वजनिक स्थलको सूचना पाटीमा सार्वजनिक सूचना टाँस गरी सो को मुचुल्का सङ्कलन गरिएको थियो । आयोजना प्रभावित सबै ७ स्थानीय तहमा मिति २०८२/०१/०६ देखि २०८२/०१/१० सार्वजनिक सुनुवाइ गरिएको थियो । प्रभावित स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षको उपस्थितिमा औपचारिक रुपमा सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । विज्ञको टोलीले राजनीतिक प्रतिनिधि, वडाका कर्मचारी, वन उपभोक्ता समूह, सङ्घसंस्थाका प्रतिनिधि, पत्रकार, प्रभावित स्थानीय जनता र अन्य सरोकारवाला निकायको उपस्थितिमा सूचना प्रवाह, प्रस्तुतिकारण र छलफल गरिएको थियो । सरोकारवालाहरूको प्रतिक्रिया र सुझावहरू टिपोट गरि माइन्युट गरिएको थियो।

परिच्छेद ४: प्रस्तावसँग सम्बन्धित नीति, कानुन तथा मापदण्ड

४.१. नेपालको संबिधान

नेपालको संविधानको धारा ३०(१) ले प्रत्येक व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने अधिकार आधारभूत हकका रूपमा प्रत्याभूत गरेको छ। वातावरणीय प्रदूषण वा क्षयीकरणबाट भएको क्षतिप्रति पीडित व्यक्तिले कानुनबमोजिम क्षतिपूर्ति प्राप्त गर्ने अधिकार प्राप्त गर्नेछ।

संविधानको धारा ५१ मा विकासका दृष्टिकोणले पछाडि परेका क्षेत्रहरूलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरणमैत्री, गुणस्तरीय र दिगो भौतिक पूर्वाधार विकास गर्न नीति अवलम्बन गर्ने उल्लेख गरिएको छ। यस धाराले दिगो विकासलाई समेत राज्यको नीति निर्माणका लागि मार्गदर्शन सिद्धान्तको रूपमा उल्लेख गरेको छ।

४.२. नीति तथा योजनाहरु

- 20-year Road Plan, 2002-2022
- सोह्रौ पन्चवर्षीय योजना २०८१/८२-२०८५/८६
- राष्ट्रिय वातावरण नीति, २०७६
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- राष्ट्रिय वन नीति, २०७५
- भू-उपयोग नीति, २०७२
- ए.डी.बी सेफगार्ड नीति सडक पूर्वाधार विकास तथा व्यवस्थापनका लागि व्यवसायजन्य स्वास्थय र सुरक्षा नीति, २०८० (विभागीय नीति)
- स्टेटमेन्ट, २००९
- राष्ट्रिय सिमसार नीति, २०५९
- राष्ट्रिय यातायात नीति, २०५८

४.३. ऐन

- तथ्याङ्क ऐन, २०७९
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- भू-उपयोग ऐन, २०७६
- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- बालबालिका सम्बन्धी ऐन, २०७५
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी अपराध संहिता, २०७४
- स्थानीय सरकार संचालन ऐन, २०७४
- श्रम ऐन, २०७४
- CITES ऐन, २०७४
- सार्वजनिक सडक ऐन, २०३१
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८

४.४. नियमावली

- वातावरण संरक्षण नियमावली, २०७७

- वन नियमावली, २०७९
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०
- फोहोरमैला व्यवस्थापन नियमावली, २०७०
- श्रम नियमावली, २०७५

४.५. निर्देशिका तथा मापढण्ड

- संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१
- संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एंव सञ्चालन सम्बन्धी कार्यनीति, २०६५
- वातावरणीय र सामाजिक व्यवस्थापन रूपरेखा, २०८०
- चुरे संरक्षण क्षेत्रमा विकास निर्माण गर्दा अवलम्वन गर्ने पर्ने कार्यविधि तथा मापदण्ड, २०७७
- वन क्षेत्रको लागि EIA निर्देशिका, २०५३
- सडक क्षेत्रको लागि वातावरण व्यवस्थापन निर्देशिका, २०५३
- ए.डी.बी वातावरण मूल्यांकन निर्देशिका, २००३
- लैङ्गिक समानता र सामाजिक समावेशिता परिचालन निर्देशिका, २०७०
- वन्यजन्तु मैत्री संरचना विकास सम्बन्धी निर्देशिका, २०७८
- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- नेपाल सडक मापदण्ड, २०७०
- नेपाल पुल मापदण्ड, २०६७

४.६. महासन्धी

- आदिबासी तथा जनजाती समुदायको लागि अन्तर्राष्ट्रिय श्रम संगठन सम्मेलन, १९८९
- जैविक विविधता सम्बन्धि अन्तरास्ट्रिय महासन्धि १९९२
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण सम्बन्धि महासन्धि १९७३

परिच्छेद ५: विद्यमान वातावरणीय अवस्था

५.१. भौतिक वातावरण

प्रस्तावित सडक आयोजना तराई, सिवालिक र डुन भ्याली भएर गएको छ। यो सडकखण्ड पथलैयाबाट सुरू भएर भरतपुरको गोड्राङमा पुगेर अन्त्य भएको छ। यो सडकखण्ड सामुद्रीसतहबाट १७८ मि (पथलैया) देखि ६८७.८ मि (चुरियामाई) सम्मको उचाईमा रहेको, र अन्तिम बिन्दु (गोन्ड्राङ) को उचाइ २०४.७९ m amsl छ। औसत उच्च तापक्रम २०.८ से देखि ३२.६ से सम्म र औसत न्युनतम तापक्रम ९.४ से देखि २४.६ से सम्म रहेको छ। वार्षिक वर्षा २,४०७ मिमि रहेको छ। यस सडकखण्डमा हुने वर्षाको करिब ८०% वर्षा मनसुनमा हुने गरेको पाइयो। सबैभन्दा सुख्खा र चिसो मौसमबीचको वर्षाको अन्तर १५ मिमि देखि ६९० मिमि सम्म रहेको छ।

पथलैया-हेटौंडा-नारायणघाट सडकखण्ड तराई, चुरे र डुन भ्याली भएर गएको छ। चुरे क्षेत्रमा खस्रो र नरम स्याण्डस्टोन, सिल्टस्टन र मडस्टोन रहेको छ भने तराई क्षेत्रमा ग्राबेल, बालुवा जस्ता नदिजन्य पदार्थहरू रहेको छ। यो आयोजना क्षेत्र मध्यम देखि उच्च भूकम्पीय जोखिम क्षेत्रमा पर्दछ। मनसुनको समयमा आयोजना क्षेत्र नदि कटान र बाढीको जोखिममा छ। पहिरो, र भू-क्षयहरू चे ३८२+१८०, चे ४०५+९४० – चे ४०६+२५०, चे ४०६+७००, चे ४०९+९०० – चे ४१०+३००, चे ४१२+२५०, चे ४१४+०००, चे ४१४+१५०, चे ४१५+००० – चे ४१५+४००, चे ४१८+१०० – चे ४१८+५००, गल्ली निर्माण चे ३८५+३७०, चे ३८५+३००, चे ३८६+४२३, चे ३८६+००० मा पहिचान भएको छ। High embankment चे ४०१+३०० - ४०१+६०० कर्रा पुल, मरदर पुल चे ४४४+२७१ को दुबै पट्टि, खगेरी पुल चे ४६२+५०० र चे ४४४+२७१ मा रेकर्ड गरिएको छ।

पि.एम. २.५ र पि.एम. १० को मात्रा मुख्यतया सवारीसाधनबाट निस्कने प्रदुषण, स्थान विशेष क्रियाकलाप र आयोजना क्षेत्र वरिपरिका औद्योगिक क्षेत्रका कारण प्रभावित हुने गरेको छ। पि.एम. २.५ को मात्रा पुल नं ३ मा ३५.६१ $\mu g/m^3$ देखि मनहरी पुल क्षेत्रमा ९१.४६ $\mu g/m^3$ सम्म रहेको छ भने पि.एम. १० को मात्रा घडियाउली मा ४९.८२ $\mu g/m^3$ देखि रजैयामा १६३.८६ $\mu g/m^3$ सम्म मापन भएको छ। औसत २४ घण्टाको ध्वनीको मात्रा दिउसोको समयमा ५५ डिबी (ए) देखि ७३ डिबी (ए) सम्म र रातको समयमा ३० डिबी (ए) देखि ४२ डिबी (ए) सम्म रहेको छ। वस्ती क्षेत्रबाट संकलन गरिएको पानीको गुणस्तर नेपाल खानेपानी गुणस्तर मापढण्ड भित्र रहेको छ जुन स्वास्थयको हिसाबले खान योग्य रहेको छ।

यस सडकखण्डको विभिन्न स्टेसनहरूमा प्रति दिन सवारीसाधनहरू करिब १२००० देखि २५००० हुन्छ। नारायणघाट, हेटौंडा लगायतका शहरी क्षेत्रमा अन्य ठाँउहरूको तुलनामा बढि ट्राफिक रहेकोछ। सडक किनारमा बजारहरू, साना किराना पसल तथा सब्जी पसलहरू, होटेल र रेष्टुरेन्ट तथा साना चिया पसलहरू यस सडकखण्डमा उत्पन्न हुने फोहोरको स्रोतको रुपमा रहेको छ।

२२ नदी र खोला सडक पार गर्दछ। कर्रा, राप्ती, मनहरी, लोथर आयोजना क्षेत्रका प्रमुख नदी हुन् । सिमसार क्षेत्र पानीको अर्को स्रोत हो। बरन्डाभार करिडोर फोरेस्टमा चे ४६६+५०० (सडकबाट १६०० मिटर टाढा), कालीमाटी ताल (सडक एलएचएसबाट १८०० मिटर टाढा), चेपाङ ताल (सडक एलएचएसबाट २०० मिटर टाढा) र बिसजारी ताल (सडकबाट करिब ४ किलोमिटर टाढा) स्थित गैँडा ताल बरन्डाभार करिडोरमा अवस्थित छन्। धेरै स्थानहरूमा, सिँचाइ नहर पार र सडक छेउमा छ ।

१६ सम्भावित स्रोतहरू र निर्माण सामग्रीहरूको स्थानहरू (ढुङ्गा, बालुवा, सब बेस, बेस कोर्स, र कंक्रीट चिप्स) पहिचान गरिएको छ। उत्खनन क्षेत्रको अन्तिम स्थान कार्यान्वयन चरणमा निर्धारण गरिनेछ। चुरे क्षेत्र वा BZ, वन क्षेत्रमा पर्ने खोलाका aggredation घटाउन प्रयोग गर्न सकिन्छ। उत्खनन उपकरण र श्रम (जस्तै , लोडर, एक्स्कवतोर, ट्रक, श्रमिक इत्यादी) को प्रयोग गरी गरिनेछ।

५.२. जैविक वातावरण

पथलैया-हेटौँडा-नारायणघाट सडक पर्सा राष्ट्रिय निकुञ्ज / आधाबार कोरिडोर बनक्षेत्र, पर्सा राष्ट्रिय निकुञ्जको मध्यबर्तीक्षेत्र चितवन राष्ट्रिय निकुञ्जको मध्यबर्तीक्षेत्र ,बरण्डाभार कोरिडोर संरक्षित क्षेत्र साथै अन्य बनक्षेत्र भएर गएको छ। पर्सा राष्ट्रिय निकुञ्जको बनक्षेत्र पथलैयामा सुरु भएर अमलेखगन्जमा सकिन्छ । यो सडक उष्ण र उपोष्ण वनक्षेत्र हुँदै गएको छ, जसमा सालका रुखहरूको बाहुल्यता पथलैया (३६८+०००) देखि अमलेखगन्ज (३७५+९००) बीच रहेका छन्। चुरे क्षेत्र र दुन क्षेत्रमा भने नदि किरणमा पाइने किसिमको बन पाईएको छ । बनक्षेत्रलाई ब्लक अनुरुप हेर्दा ४०४+९४० देखि ४०६+

५४० ; ४०८+८२० देखि ४१०+८४० ; ४१२+७४० देखि ४२०+७४० ; ४२६+७५० देखि ४३९+९००, मनहरी – लोथर बनक्षेत्र र बरन्दभार कोरिडोर बन मा पनि साल प्रजातिका बाहुल्यता पाईएको छ।

सालको वनमा मुख्यतया सालका प्रजाति ***(Shorea robusta)*** र मुख्य सहयोगी प्रजातिहरुमा भलायो ***(Semecarpus)***, बर्रो (*Terminalia* ***),*** आसना ***(Terminalia)*** को बाहुल्यता रहेका छन् । रुखहरु गणना सर्वेक्षण गर्दा आयोजना निर्माण चरणमा २३,३२६ रुखहरु काट्नु पर्ने देखिएको छ । जसमध्ये बारा जिल्लाबाट ९६४६ रुखहरू, मकवानपुर जिल्लाबाट १०२७८ रुखहरू र बाँकी ३४०२ रुखहरू चितवन जिल्लाबाट कटान गरिने छ। रुख गणना सर्वेक्षणका क्रममा *लाँथरा* ***(Sapling)*** (१० dbh भन्दा कम)को ६,७६७ रेकर्ड गरिएको थियो। रुखहरु गणना सर्वेक्षण गर्दा जम्मा बर, पिपल र समिको ४०४ ओटा रुखहरु काट्नु पर्ने देखिएकोछ।

सर्भेक्षण दौरान रेकर्ड गरिएको प्रजाति जामुन(*Syzygum cumuni*), बर्रो (*Terminalia bellirica*), हर्रो(*Terminalia chebula*), टाटरी(*Dillenia pantagyna*), अम्बक(*Psidium guajava*), चिउरी(*Aesandra butyraceae*), अमला(*Phyllanthus emblica*), जस्ता औषधीजन्य वनस्पतिहरू रहेका छन्। फिल्ड सर्भेक्षण दौरान पहिचान गरिएको रुखका प्रजातिहरुमा साल (*Shorea robusta*), विजयसाल (*Pterocarpus marsupium*) र सतिसाल *(Dalbergia latifolia)* लाई नेपाल सरकारले संरक्षित वनस्पतिका रूपमा राखेको छ। विश्वव्यापी रूपमा साल(*Shorea robusta*), र विजयसाल (*Pterocarpus marsupium*) र सतिसाल*(Dalbergia latifolia)* सङ्कटापन्न अवस्थामा रहेको वनस्पति हो। आयोजनाक्षेत्रका बनक्षेत्रहरु सामुदायिक वनव्यवस्थापन, साझेदारी वनव्यवस्थापन तथा निजी वनव्यवस्थापन (बस्तीभित्रका वन/रुखहरू) द्वारा वन व्यवस्थापनका अभ्यासहरू सञ्चालनमा रहेका छन्।

यो सडक पर्सा राष्ट्रिय निकुञ्ज (चे ३७०+५५० देखि चे ३७४+०००), पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्तीक्षेत्र र बारण्डाभार कोरिडोर वनक्षेत्र (चे ४६३+६०० देखि चे ४६७+३२०)का मुख्य क्षेत्रहरूमार्फत जान्छ, जहाँ वन्यजन्तुको आवागमन उच्च रहेको छ। आयोजनाक्षेत्रमा ५९ प्रजातिका स्तनधारीहरूको (*Survey 2023/024)* वासस्थान रहेको छ । जंगली एसिएन हात्ती *(Elephas maximus)*, रोयल बेंगल बाघ *(Panthera tigris tigris)*, एकसिङे गैँडा*(Rhinoceros unicornis),* तराई ग्रे लंगुर (*Semnopithecus hector*) साथै अन्य प्रजातिका बन्यजन्तुहरु स्तानांतर भइरहेको पाइयो ।(Clavenger 2022). अध्यनका क्रममा ४ ओटा अत्यन्त सक्रिय जैविक मार्गको पहिचान गरिएको छ। आधाभार कोरिडोर बन जसले तराई देखि तराई जोड्दै , जहा जंगली एसिएन हात्ती, रोयल बेंगल बाघ, एकसिङे गैँडा, तराई ग्रे लंगुर तथा अरु बन्यजन्तुहरुको राजमार्गलाई छिचोल्दै जैविक मार्ग बनाएको भेटियो । अर्को जैविक कोरिडोरमा राप्ती बन्यजन्तु जोडिएको जंगल जसले तराई – चुरे- महाभारतलाई जोड्दछ, साथै जहाँबाट रोयल बेंगल बाघ र चित्तलहरु आवतजावत गर्दछन । त्यस्तै रजैया जंगल बन्यजन्तु ओहोरदोहोर मार्ग जहाँ बन्यजन्तुहरु राप्ती नदीलाई पार गरेर महाभारततिर स्थानान्तरण गर्ने गरेको पाइयो । राजमार्गको बिभिन्न स्थानहरुमा जैविक पार गर्ने विन्दुहरू पहिचान गरियो । बरन्डाभार कोरिडोर बनले भित्रि तराई र महाभारतलाई जोड्छ ।

अध्ययनका क्रममा ३१ प्रजातिका चराहरू फेला परेका थिए । आयोजनाक्षेत्रमा लोपोन्मुख गोल्डेन मोनिटर छेपारो, बेङ्गाल मोनिटर छेपारो, असङ्ख्य सर्पहरू (जस्तै- इन्डियन रक पाइथन, किङ्ग कोब्रा, नेपाली स्यान्ड बोआ), भ्यागुता र गेकोसलगायतका २३ प्रजातिका सरीसृप तथा उभयेचर प्राणीहरु भेटिए। सर्वेक्षणका क्रममा यी नदीहरूमा १५ प्रजातिका माछा भेटिएका छन् ।

५.३. सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण

यो सडक बारा, मकवानपुर र चितवन जिल्लामा पर्दछ। यस खण्डमा १ ओटा महानगरपालिका, २ ओटा उपमहानगरपालिका, ३ ओटा नगरपालिका र १ ओटा गाउँपालिका समेटिएका छन्। सडकसँगै पर्ने प्रमुख बस्तीहरू क्रमशः पथलैया (चे ३६७+६३०), अमलेखगन्ज (चे ३७६+०००), चुरियामाई (चे ३८६+७८०), रातमाटे बजार (चे ३९१+२२०), हेटौँडा (चे ३९६+५००), नेवारपानी (चे ४११+७००), मनहरी (चे ४२५+७००), लोथर (चे ४३६+९६०), महादेओटार (चे ४३९+२००), भण्डारा (चे ४४७+०००), पर्सा (चे ४५४+३००), टाँडी (चे ४५९+७००) र भरतपुर गोन्द्राङ (चे ४६७+३२०)लगायतका रहेका छन्। आयोजनाको कार्यक्षेत्रभित्रका स्थानीय तहहरूको कुल जनसङ्ख्या ९५७,६९९ रहेको छ।

१,८६७ घरधुरीहरूमा सामाजिक-आर्थिक सर्वेक्षण गरिएको थियो, जसमा पुरुष ५२.२% र महिला ४७.८% थिए। औसत घरधुरी आकार ५.४ जना रहेको पाइएको छ।

आयोजनाक्षेत्रमा ब्राह्मण/क्षेत्री (४७.९७%) र त्यसपछि आदिवासी जनजाति (४०.०६%)को बाहुल्यता रहेको छ। ९०% भन्दा बढी सर्वेक्षणका सहभागीहरू साक्षर पाइएको छ। करिब ७.३६% आर्थिक रूपले सक्रिय जनसङ्ख्या वैदेशिक रोजगारमा रहेको र करिब १०.१२% जनसङ्ख्या कृषिमा संलग्न रहेको छ। स्वास्थ्य, सरसफइ तथा खानेपानी सेवा समग्रमा सन्तोषजनक देखिएको छ। नलजडित धारो प्रमुख खानेपानीको स्रोत हो भने सेप्टिक ट्याङ्कीको शौचालय सबैभन्दा बढी प्रयोग हुने शौचालयप्रणाली हो।

आयोजनाबाट हेटौँडा बजारबाहेक ३७८ घरधुरीका ४०३ ओटा निजी संरचनाहरू प्रभावित हुने छन्। तीमध्ये २७२ संरचना पूर्ण रूपमा र १३१ संरचना आंशिक रूपमा प्रभावित हुने छन्। पूर्ण रूपमा प्रभावित संरचनामध्ये ३० ओटा आवासीय र ११३ ओटा व्यापारिक/व्यावसायिक संरचना छन्। त्यस्तैगरी, आयोजनाको प्रभाव क्षेत्रभित्र पर्ने १८० ओटा सामुदायिक संरचनाहरू प्रभावित हुने छन्। यो आयोजना सांस्कृतिक सम्पदा स्थलहरू भएर गएको छैन। यद्यपि भीमसेनमन्दिर (चे ३६८+०५०, क्षेत्राधिकारबाहिर), चुरिया माई (चे ३८६+७८०), चुरियामाई सुरुङमार्ग (चे ३८७+१६०), नवदुर्गामन्दिरको कम्पाउन्ड पर्खाल (चे ३९४+३६०, प्रभाव क्षेत्रभित्र), गोरछेश्वरमन्दिर (चे ३९७+२८०), ओमकारेश्वर महादेवक्षेत्र (चे ३९८+१००), कृष्णमन्दिर सानो (चे ४११+८००), शिव-पार्वतीमन्दिर (चे ४२०+९७०), जलेश्वर शिवालय (चे ४२१+३२०), शिवमन्दिर (चे ४२४+१८०), बाबाधाम (चे ४२४+७४०) आदि आयोजनाको क्षेत्राधिकारमा अवस्थित छन् । विद्युतीय पोल, पहुँच मार्ग, Ht लाइन, अप्टिकल फाइबर केबल, गेट, आकासेपुल, टेलिफोन पोल, पानी ट्याङ्की, खानेपानी पाइप, सिँचाइ नहर आदि प्रभावित हुने छन्।

परिच्छेद ६: विकल्पहरुको विश्लेषण

वैकल्पिक विश्लेषणअन्तर्गत प्रविधि, कार्यान्वयन प्रक्रिया, समयतालिका, वनविनाश कम गर्ने विकल्पहरू अध्ययन गरिएको छ । हाल यो आयोजना सञ्चालनमा रहेको र स्तरोन्नतिका लागि प्रस्ताव गरिएकाले वैकल्पिक सडकको विकल्प विश्लेषण गरिएको छैन। यद्दपि, डिजाइनका क्रममा विभिन्न डिजाइन विकल्पहरू र वैकल्पिक निर्माण सामग्रीको मूल्याङ्कन गरिएको थियो।यस आयोजनाका लागि अपनाइएका विकल्पहरू वर्तमान परिस्थितिका लागि प्राविधिक, आर्थिक र वातावरणीय दृष्टिकोणले उत्तम विकल्पका रूपमा रहेका छन्। अन्य विकल्पको रुपमा VIADUCT तथा हेटौडा बजार को बैकल्पिक मार्गको पनि अध्यन गरिएको थियो ।

परिच्छेद ७: वातावरणीय प्रभाव पहिचान र मूल्यांकन

प्रस्तावित आयोजनाको हालको वातावरणीय अवस्थाको आधारमा सम्भावित प्रभावहरूको पहिचान र मूल्यांकन गरिएको छ। यो आयोजनाले स्थानीय वातावरणमा सकारात्मक तथा नकारात्मक दुवै प्रकारका प्रभाव पार्ने अनुमान गरिएको छ, जुन तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

७.१. सकारात्म प्रभावहरु

१. निर्माणको चरण

- रोजगारीको अवसर
- उद्यमशिलताको प्रवर्द्धन र व्यवसायीकरण
- सीप तथा क्षमता विकास

२. संचालनको चरण

- व्यापारमा सुधार
- यात्रा समय र यात्रा खर्च कम हुने
- ट्राफिक व्यवस्थापन र सडक दुर्घटना घटाउने
- महिला सशक्तिकरण
- हरित गृह ग्यासको उत्सर्जनमा न्यूनिकरण
- आयआर्जनका नयाँ स्रोतहरू
- सार्वजनिक सेवाहरूमा सुधार
- वन्यजन्तु मार्गहरूको सुधार

७.२. नकारात्मक प्रभाव

१. निर्माण पूर्वको चरण

- रुख कटान
- अस्थायी भुमि भाडामा लिने
- निजी संरचना अधिग्रहण
- सामुदायिक संरचनामा प्रभाव

२. निर्माणको चरण

भौतिक वातावरण

- RoW को भू-उपयोगमा परिवर्तन
- वायु प्रदुषण
- ध्वनी प्रदुषण
- कम्पन उत्पन्न
- पानीको गुणस्तरमा ह्रास
- स्लोप अस्थिरता, नदी किनारको अस्थिरता
- पुल र क्रस ड्रेनेज संरचनाको निर्माणका कारण पानीको प्राकृतिक प्रवाहमा अवरोध
- बिग्रिन उत्पादन
- फोहोरमैला व्यवस्थापन (हानिकारक ,गैर- हानिकारक तथा तरल फोहर)
- खानी तथा उत्खनन् स्थलको संचालन
- क्रसर प्लान्ट, आस्फाल्ट प्लान्ट र ब्याचिङ प्लान्टको स्थापना र सञ्चालन
- निर्माण सामाग्रीको भण्डारण
- निर्माण क्षेत्रबाट फोहोर पानीको निष्काशन

३. संचालनको चरण

भौतिक वातावरण

- वायु, र ध्वनी प्रदुषण

- जल प्रदुषण
- सडक दुर्घटना तथा व्यवस्थापनमा वृद्धि
- स्लोप अस्थिरता र क्रस ड्रिनेजमा अवरोध
- जलवायु परिवर्तन

रासायनिक वातावरण

- बिटुमेन र अन्य विषाक्त रसायनहरूबाट हुने सम्भावित खतराहरू

जैविक वातावरण

निर्माण चरण

- वन तथा वनस्पतिमा ह्रास
- निर्माण श्रमिकहरु द्वारा बन उत्पादनहरुको उपयोग
- संरक्षित वनस्पतिमा ह्रास
- वन्यजन्तुमा असर
- वन्यजन्तु आवागमनमा बाधा / वन्यजन्तु–सवारी साधन टक्कर
- राष्ट्रिय निकुञ्ज (PNP), बारान्डाबार करिडोर वन (BCF) र बफर जोन (BZ) हुँदै जाने सडकमा काम गर्ने क्रममा वन्यजन्तुसँग अनपेक्षित भेट कर्मचारी तथा वन्यजन्तु सुरक्षा
- पन्छीवर्गमा पर्ने असर
- जलीय जीवहरू तथा उभयचरहरूमा पर्ने असर

संचालन चरण

- वनस्पति तथा वन्यजन्तु मा प्रभाव निगरानी र जैवविविधता प्रभाव/उपचार प्रयास
- वन्यजन्तु आवागमनमा बाधा / वन्यजन्तु–सवारी साधन टक्कर
- सचेतना अभिवृद्धि गतिविधिहरू
- क्रसिङ संरचनाहरूको मर्मतसम्भार

सामाजिक-आर्थिक तथा साँस्कृत वातावरण

निर्माण चरण

- निजी संरचनामा प्रभाव
- **सामुदायिक संरचना तथा सार्वजनिक उपयोगितामा अवरोध**
- कामदारहरुको आवागमनबाट पर्ने प्रभाव
- पेशागत स्वास्थ्य र सुरक्षा
- सामुदायिक स्वास्थ्य र सुरक्षा
- लैङ्गिक हिँसा
- धार्मिक क्षेत्रमा पर्ने प्रभाव

संचालन चरण

- सडक सुरक्षा
- सामुदायिक स्वास्थ्य र सुरक्षा
- सडकको क्षेत्राधिकारको सुधार
- कामदारको स्वास्थ्य र सुरक्षा

परिच्छेद ८: सकारात्मक प्रभाव अभिवृद्धि तथा नकारात्मक प्रभाव न्युनिकरणका उपायहरु

प्रस्तावित आयोजनासम्बन्धी वातावरणीय अध्ययनले लाभदायक प्रभावहरू वृद्धि गर्ने र प्रतिकूल प्रभावहरू न्यूनीकरण गर्ने उपायहरू समेटेको छ।

८.१. सकारात्मक प्रभाव र अभिवृद्धिका उपायहरु

वातावरणीय प्रभावहरू	बढोत्तरीका उपायहरू
सकारात्मक प्रभाब	
निर्माणको चरण	
रोजगारीका अवसरहरू र आम्दानीका स्रोतहरूमा वृद्धि	यस आयोजनाको निर्माणकार्यले मुख्य फाइदा यस क्षेत्रका स्थानीय वासिहरुलाई रोजगारीको अवसर सिर्जना गर्दछ। निर्माणकार्यका लागि **८,५४,१८२** व्याक्ति-दिन दक्ष र **२६,३१,३३४** व्याक्ति-दिन अदक्ष कामदार आवश्यक हुन्छ। औसत प्रतिदिन करिब १००० व्याक्तिको आवश्यकता पर्दछ । निर्माणको चरणमा करिब २०-३०% स्थानीयलाई रोजगारीको अवसर सिर्जना अनुमान गरिएको छ। जसले गर्दा योजनाले दक्ष र अदक्ष रोजगारीको अवसर दीइ स्थानीय बेरोजगारि हल गर्न मद्दत गर्नेछ ।
उद्यमशीलता तथा व्यावसायिकताको विकास	निर्माणकार्यले स्थानीयको आम्दानीमा वृद्धि गर्नाका साथै खाजाघर, चियापसल, स्थानीय उत्पादन, सब्जी पसलजस्ता साना व्यवसायको अवसर पनि सिर्जना गर्दछ। यसले स्थानीय अर्थतन्त्र विकासमा टेवा पुऱ्याउँछ।
क्षमता विकास	आयोजनाले निर्माणकार्यका लागि अधिकतम स्थानीय वासिन्दाको आवश्यकता पर्दछ, जसबाट स्थानीयबासीहरूको प्राविधिक ज्ञान, सिप र क्षमता विकास हुने छ। स्थानीय कार्यदलहरूले मेसोनरी कार्य, ग्याबियन कार्य, पुलका लागि बार बाइन्डिङ, बायो इन्जिनियरिङ कार्यहरू भिर व्यवस्थापनजस्ता कामहरूमा आफूलाई दक्ष श्रमिकमा रूपान्तरण गर्ने छन्। प्रभावितलाई जीविकोपार्जन अभिवृद्धि तालिम पनि दिइने छ ।
सञ्चालनको चरण	
व्यापारमा सुधार	यो प्रस्तावित सडकले पुर्व पश्चिम राजमार्ग र वीरगञ्ज सुक्खा बन्दरगाहमार्फत छिमेकी मुलुकहरूसँग व्यापार सुधार गर्न मदत गर्दछ। सामानहरु ठाउँ ठाउमा पुग्न सहज हुने साथै क्षेत्रीय आर्थिक बिकासमा टेवापुग्नेछ ।
यात्राको समय, लागत घटाउने	प्रस्तावित सडक २ लेन बाट ४ लेनमा स्तरोन्नति गरिनेछ । एक सुधारिएको तथा सुरक्षित सडक यातायात प्रणालीले गर्दा यात्रासमय (४५ देखि ६० मिनेट), सडक दुर्घटनाहरू, इन्धन , सवारी संचालन तथा मर्मत खर्च घट्ने छ । जसले गर्दा सम्पूर्ण सामानको ढुवानी लागत कम हुने छ।
ट्राफिक व्यवस्थापन र सडक दुर्घटना घटाउने	सडकलाई चार लेनमा स्तरोन्नति गरिने छ, जसले सडकको क्षमता वृद्धि गरी जाम घटाउँछ र ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याउँछ। आयोजनामा प्रस्तावित सडक सुरक्षासम्बन्धी व्यवस्था गरिएको छ। संवेदनशील क्षेत्रमा VIADUCT र वन्यजन्तु क्रसिङको व्यवस्था छ, जसले सवारी साधन र वन्यजन्तुको टकरावलाई कम गर्ने छ ।
महिला सशक्तीकरण	आयोजनाले महिलाहरूका लागि श्रमिक वा प्राबिधिक भइ कार्य गर्न लैङ्गिक भेदभावबिना रोजगारी तथा तालिमको अवसर दिइनेछ । तालिमहरु महिला ससक्तिकरणमा आधारित हुनेछन् । आयोजनाले महिलाहरुलाई क्षमता विकास, जागरुकता तथा आत्मविश्वासस्तर बडाउन सहयोग गर्नेछ।
सुधारिएको सडक संरचनाले हरितगृह ग्याँसको उत्सर्जनमा न्यूनीकरण गर्नेछ	सुधारिएको सडक सतहले सवारीसाधनका पार्टपुर्जाहरूमाथि पर्ने असर कम गरी स्पेयर पार्ट्समा लाग्ने खर्च घटाउने छ; इन्धनको दक्षता वृद्धि गराउने र सवारीसाधनबाट उत्सर्जन हुने प्रदूषण घटाउने छ। प्रस्तावित सडक छेउको वृक्षारोपणले पनि प्राकृतिक रूपमा कार्बनडाइअक्साइडको उपभोग तथा अक्सिजनको उत्सर्जनमार्फत वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउने छ। आरामदायी राम्रो सवारीको कारणले, सवारीसाधन बाट निस्कने कार्बनडाइअक्साइडको उत्सर्जनमा उल्लेखनीय कमी आउने छ।
आयआर्जनका नयाँ स्रोतहरू	सुधारिएको सडक पहुँचले पर्यटकीय क्षेत्रहरू, जस्तै- पर्सा तथा चितवन राष्ट्रिय निकुञ्ज, सौराहा, चुरियामाईलगायत स्थानहरूमा स्वदेशी तथा विदेशी पर्यटकको आगमन वृद्धि गराई पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस सडकमा चितवन र पर्सा राष्ट्रिय निकुञ्ज खण्डमा वन्यजन्तुको प्रभावलाई न्यूनीकरण गर्न VIADUCT निर्माण गर्न प्रस्ताव गरिएको छ। यो देशकै नयाँ अवधारणा हो । पथलैया, अमलेखगञ्ज, हेटौँडा, रातमाटे, टाँडी, भरतपुरका सडकछेउमा पसल, होटल बढाएर आयआर्जनका नयाँ अवसर सिर्जना हुने छ ।
सामाजिक सुविधाहरूमा सुधार	स्तरोन्नति गरिएका सडकहरूले सो क्षेत्रका बासिन्दाको समग्र जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने अपेक्षा गरिएको छ। यस्ता सडकहरूले आवागमनका विकल्पहरू सजिलो बनाई यात्रासम्बन्धी तनाव घटाउने मात्र नभई, स्वास्थ्यसेवा, शिक्षा, सञ्चार तथा बजारसम्मको पहुँचलाई समेत प्रभावकारी रूपमा वृद्धि गर्ने छन्।
वन्यजन्तु कोरिडोरहरूमा वृद्धि	वन्यजन्तु-सवारी साधन दुर्घटना घटाउनुका लागि २१ ओटा अन्डरपास क्रसिङ प्रस्ताव गरिएको छ, जसमध्ये २, २ किमीको VIADUCT बरण्डाभार वन करिडोरमा र पर्सा निकुञ्जमा प्रस्ताव गरिएको छ र यसले वन्यजन्तु-सवारी साधन दुर्घटनाको सङ्ख्यामा उल्लेखनीय रूपमा कमी ल्याउने छ, आवासीय क्षेत्र

वातावरणीय प्रभावहरू	बढोत्तरीका उपायहरू
	)habitat (बढ्ने छ। जनावरका आवासीय क्षेत्र(habitat)को पुनःनिरन्तरता (connectivity): वन्यजन्तु क्रसिङहरूसहित सडक स्तोरोन्नतिले खण्डित वासस्थानहरू पुनः प्रतिस्थापन गर्न मदत गर्दछ ।यसका साथै जनावरका आवासीय क्षेत्र (habitat)को पुनः निरन्तरता (connectivity) हुने छ। वन्यजन्तुहरूको आनुवंशिक आदानप्रदानलाई बढावा दिने छ र साथै स्रोतहरूमा पहुँच बढ्ने छ ।

९. २ नकारात्मक वातावरणीय प्रभावहरू र न्यूनीकरणका उपायहरू

नकारात्म क वातावरणीय प्रभावहरू	न्यूनीकरणका उपायहरू
भैतिक वातावरण	
निर्माणको चरण	
भूउपयोगमा परिवर्तन	यस सडकको स्तरोन्नतिबाट सडकको क्षेत्राधिकार भित्र करिब २४५.६४ हेक्टर जमिन कालोपत्रे सडकमा परिवर्तन हुने छ। सडक डिजाइन सहरीक्षेत्रमा ५० मी., अर्थ सहरी (सहरोन्मुख) क्षेत्रमा ३७.४ मी. र वन तथा ग्रामीण क्षेत्रमा २४ मी. रहेको छ। यस डिजाइनले क्षेत्राधिकारको भूउपयोग परिवर्तनमा न्यूनीकरण गरेको छ।
वायु प्रदूषण	निर्माण अवधिभरि निर्माणका कारणले धुलो उड्न नदिनपटक, दिनको ३ पटक पानी छर्ने कार्य गरिनेछ ; तेज हावा चल्ने मौसममा माटो तथा बालुवा ढुवानी गर्दा त्यसलाई माथिबाट ढाकिने र कामदारहरूलाई व्यक्तिगत सुरक्षा उपकरणहरू (PPEs) प्रदान गरिने छ। निर्माण शिविर, आस्फाल्ट प्लान्ट, ब्याचिङ प्लान्ट, क्रसर प्लान्ट, विद्यालय, अस्पताल, वनक्षेत्रलगायतमा वायुको गुणस्तर NAAQS र WHO Air Quality Guidelines अनुरूप कायम गर्न नियमित रूपमा वायुको गुणस्तर मापन र नियमन गरिने छ । सम्वावित क्रसर प्लान्ट, आस्फाल्ट प्लान्टहरू (४०५+७८०, ४२८+८००, ४३७+४००)मा पहिचान गरियो जुन नजिकको संवेदनशील संरचना, जस्तै- विद्यालय, अस्पताल र वन्यजन्तुको वासस्थानबाट कम्तीमा ५०० मी.को दुरीमा र जलाशयबाट कम्तीमा ५० मी.को दुरीमा स्थापना र सञ्चालन गरिने छ। निर्माणकार्यमा प्रयोग हुने मेसिनरी उपकरण तथा सवारीसाधनहरूको नियमित मर्मतसम्भार गरिने छ । प्लास्टिक, कागज वा जैविक फोहोरको खुल्ला रूपमा जलाउने कार्य पूर्णतः निषेध गरिने छ। भरतपुर महानगरपालिका र हेटौँडा उपमहानगरपालिकासँगको समन्वय र स्वीकृतिमा त्यहाँको ल्यान्डफिल साइटमा फोहोरहरूको व्यवस्थापन गरिने छ ।
ध्वनि प्रदूषण	अस्थायी निर्माण संरचनाहरू, जस्तै- श्रमिक शिविर, सवारी मर्मत कार्यशाला, क्रसर प्लान्ट, बस्ती र अन्य संवेदनशील क्षेत्रहरूबाट यथासम्भव टाढा स्थापना गरिने छ। ढुङ्गा क्रसर, सवारी आवागमन, ढुङ्गा खानी तथा Borrow Pit मा गरिने कार्यहरू उपयुक्त सामग्री प्रयोग गरी Shielding गरिने छ। कम ध्वनि उत्सर्जन गर्ने उपकरण तथा मेसिनहरूको छनोट गरी प्रयोग गरिने व्यवस्था मिलाइने छ। उच्च ध्वनि उत्पादन गर्ने मेसिनहरू सञ्चालन हुने समयमा कामदारहरूलाई कान थुनिने सुरक्षात्मक उपकरण, जस्तै- इयरप्लग वा इयरमफ उपलब्ध गराइने छ। नजिकको समुदाय र वन्यजन्तुमा पर्न सक्ने असर न्यूनीकरण गर्न दिनको समयमा मात्र निर्माणकार्य गरिने छ। विद्यालय, अस्पतालजस्ता संवेदनशील क्षेत्रमा काठ/जस्तापातालाई ध्वनि अवरोधकका रूपमा प्रयोग गरिने छ। (३७६+८४०,३७९+१८०,३८१+९७०,४००+८१०,४०२+७८०,४१४+४००,४२०+३२०,४२६+२६०,४२८+०३०,४३४+८५०,४३९ +२८०,४४१+७४०,४४२+८४०,४४४+४००,४४४+८२०,४६२+६८० र अस्पताल) राष्ट्रिय स्तरको ध्वनी मापक स्तरलाई सुनिश्चितता दिई नियमित रूपमा ध्वनिको स्तर मापन आयोजना क्षेत्रमा गरिने छ। सडक किनार र मिडियनमा वृक्षरोपण गरिने छ।
कम्पन उत्पन्न	निर्माणकार्यपूर्व कम्पनको जोखिममा रहेका पुराना घरहरूको पहिचान गरिने छ। निर्माण व्यवसायीले प्रयोग गरिने मेसिन र उपकरणहरूको प्रयोगमा विशेष सावधानी अपनाउन अपरेटरलाई सजग गराउने छ। कामदारहरूको सुरक्षाका लागि Anti-Vibration Glovesजस्ता PPE प्रदान गरिने छ। निरन्तर कम्पन रोक्न आवश्यक विश्राम अवधिको व्यवस्था

नकारात्म क वातावरणीय प्रभावहरू	न्यूनीकरणका उपायहरू
	मिलाइने छ।
पानीको गुणस्तरमा ह्रास	उत्खनन गरिएका माटो र फोहोरलाई नदी खोलाहरूमा फाल्न पूर्णतः निषेध गरिएको छ। फोहोरलाई निर्दिष्ट स्थानमा निस्तेज गरिने छ। सबै रसायन र तेलहरू पानीबाट टाढा राखिने छ र तिनलाई कन्क्रिट प्लेटफर्ममा राखिने छ, साथै लिकेजको सङ्कलनका लागि क्याचमेन्ट पिटको व्यवस्था गरिने छ। निर्माण व्यवसायीले सबै उपकरण सञ्चालन गर्ने व्यक्ति, सवारी चालकहरूलाई स्पिल (चुहावट), प्रदूषण तथा त्यसको तत्काल प्रतिक्रिया र सफाइ प्रक्रियाबारे चेतनामूलक कार्यक्रमको व्यवस्था गरिने छ। ब्याचिङ प्लान्ट, क्रसर प्लान्ट तथा आस्फाल्ट प्लान्टमा पानीको मुहानमा जानुपूर्व सेडिमेन्ट सङ्कलन गर्न सिल्ट सङ्कलन पोखरी निर्माण गरिने छ। निर्माण स्थलहरूबाट निस्कने सबै फोहोरहरू तोकिएको स्थानमा सङ्कलन तथा भण्डारण गरी स्वीकृत फोहोर व्यवस्थापन स्थलसम्म ढुवानी गरिने छ। माछा प्रजजन समय (मे / जुन देखि अगस्त/सेप्टेम्बर)लाई ध्यानमा राखेर नदी वा खोल्साहरूमा हुने पुल तथा क्रस ड्रेनेजसम्बन्धी कार्यहरू गर्दा ध्यान पुर्यायर गरिने छ । सतही तथा भूजलको गुणस्तरको अनुगमन गरिने छ।
